# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नम्बरः ११३-२०८२/०८३

**सीप विकास तालिम कार्यक्रमका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।।**

(प्रकाशित मितिः २०८३/०१/२९ गते)

चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) मार्फत नयाँ उद्यमी सिर्जना गर्ने उद्देश्यले चन्द्रकोट-३ हर्राचौर झारखर्कमा उद्यमशीलता विकास सम्बन्धी सीप विकास तालिम सञ्चालन गर्न लागिएको हुँदा उक्त तालिममा सहभागी हुन इच्छुक व्यक्तिहरूले आफुले लिन चाहेको तालिमको नाम सहित देहाय बमोजिमका कागजात संलग्न राखि मिति ७ दिन (२०८३/०२/०५) गतेभित्र वडा नं. ३ को वडा कार्यालय वा गाउँपालिकाको उद्यम विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

- तालिम सञ्चालन हुने स्थानः वडा नं. ३ हर्राचौर, झारखर्क
- तालिमको उद्देश्यः लघु उद्यमी मोडलमा नयाँ उद्यमी सिर्जना तथा स्वरोजगार प्रवर्द्धन
- आवश्यक कागजातहरूः
  - तोकिएको ढाँचामा निवेदन
  - नेपाली नागरिकताको प्रतिलिपि
  - सम्बन्धित वडामा स्थायी रुपमा बसोबास गरिरहेको वडाको प्रमाणित कागजात
- प्राथमिकता दिइने वर्गः
  - बेरोजगार युवा
  - महिला
  - दलित, जनजाति, विपन्न तथा लक्षित वर्ग
  - वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति

*पुनश्च निवेदक चन्द्रकोट गाउँपालिका वडा नं. ३ हर्राचौरको स्थायी बासिन्दा हुनुपर्नेछ।*

*साथै निवेदनहरु मध्ये धेरै माग हुने तालिम कार्यक्रम छनौट गरिने छ। सहभागि संख्या अधिकतम १५ जनाको लागि हुनेछ।*

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी लुम्बिनी प्रदेश, नेपाल

२०८३।१।२९

.............

(लक्ष्मणप्रसाद चालिसे)

प्रमुख प्रशासकीय अधिकृत

**लक्ष्मणप्रसाद चालिसे**

**प्रमुख प्रशासकीय अधिकृत**

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८३/०..../.......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
चन्द्रकोट गाउँपालिका
गुल्मी।

**विषयः तालिममा सहभागी गराइदिनु हुन।**

महोदय,

प्रस्तुत विषयमा ताहाँ कार्यालयको मिति २०८३/०१/२९ गते प्रकाशित सूचना नं. ११३-२०८२/०८३ 'सीप विकास तालिमका लागि निदेदन पेश गर्ने सम्बन्धी सूचना' बमोजिम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) मार्फत नयाँ उद्यमी सिर्जना गर्ने उद्देश्यले सञ्चालन हुन लागेको सीप विकास तालिम लिन म चन्द्रकोट ३ हर्राचौर .......... निवासी म.................................... तालिममा सहभागि हुन इच्छुक रहेको हुँदा मलाई आवश्यक .........................................तालिम संचालन गरी उक्त तालिममा सहभागी गराइदिनु हुन यो निवेदन पेश गरेको छु।

म तालिममा नियमित रूपमा सहभागी भई तालिमबाट प्राप्त सीप तथा ज्ञानलाई स्वरोजगार तथा आयआर्जनमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**निवेदकको विवरणः**

- नाम, थर : ................................................
- स्थायी ठेगाना : ................................................
- नागरिकता नं. : ................................................
- सम्पर्क नं. : ................................................
- हालको पेशा : ................................................

निवेदक

दस्तखत : ..........................

नाम : ................................

मिति : ................................